नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

आश्विन/कार्तिक २०६९ (October, 2012) वर्ष १६/अङ्क १८७

## अइसाईहरूसित मित्रता गर्नु के हामीलाई उचित छ ?

– पाष्टर महेश थाँजु

यो चाडपर्वको बेला हो, सबै साथी-संगीहरू जमघट हुने समय । कहिलेकाहीँ हामी इसाईहरूलाई सबै ठाउँमा, सबैसित हेलमेल हुन अप्ठचारो हुन्छ। अइसाई मित्रहरूप्रतिको हाम्रो दृष्टिकोण के-कस्तो हुनुपर्छ सो जानिराख्नु राम्रो हुन्छ। यही अभिप्राय राखेर यो लेख तयार गर्ने काम भएको छ। तयारीका क्रममा, विभिन्न पुस्तकहरूबाट सहायता लिने काम भएको छ।

इसाई भएको कारण हामी सबैले लगातार रूपमा हाम्रा वरिपरिको संसारबाट परीक्षा र आक्रमणहरूको सामना गर्नु पर्दछ। हामीले प्रतिदिन देख्ने, हेर्ने, खाने, पढ्ने, सुन्ने इत्यादि गरेका हरेक थोकको केही न केही प्रभाव हामीमा परेकै हुन्छ । यसकारण, हामीले अहिले विश्वास गरेका हाम्रा परमेश्वरसितको हाम्रो सम्बन्ध घनिष्ठ बनाउन र उहाँको नजीक रहेर जिउनका लागि हाम्रा कतिपय पुराना आदत, स्वभाव, आचरण, शैलीहरूअनुसार गर्दै आइराखेका कुराहरूमा फेरबदल हुनै पर्दछ। यहाँसम्म कि कतिपय अवस्थाहरूमा हामीले जो-जस्ता मानिसहरूसित संगत गर्ने गर्दथ्यौं, समय बिताउने गर्दथ्यौं ती मानिसहरूसित हामीले बिताउने समयमाथि पनि पुनर्विचार आवश्यक छ।

### मत्ती २६:१८ अनुसार यस संसारमा कति थरीका मानिसहरू रहेछन्, कुनै अनुमान ?

हो एक थरीका तिनीहरू जो परमेश्वरका हुन् अर्थात् ज्योतिमा हुनेहरू र अर्काथरीका तिनीहरू जो शैतानका हुन् अर्थात् अन्धकारमा हुनेहरू । बाइबल धर्मशास्त्रमा जताततै यी दुई गुटका मानिसहरूलाई एकअर्काका विरोधी, प्रतिकुलता भएका, जीवन पाएका र नपाएका, आशा भएका र नभएका, साँगुरो र फराकिलो बाटो रोजेका, बचाइएका र नबचाइएका, सत्यलाई चिनेका र नचिनेका आदि भनेर उल्लेख गरिएको पाउँदछौं। अरूभन्दा फरक र बेग्लै भएका जनाउन "सत्य के हामीले चाल पायौं, स्वर्ग जाने मूल बाटो भेट्टायौं..." भनेर गाउने गर्दछौं । धर्मशास्त्र बाइबलले तपाईं हामी इसाई विश्वासीहरूलाई हरतवरले अइसाईहरूभन्दा बेग्लै बताएकै कारण उनीहरूसितको हाम्रो मित्रता कस्तो खालको हुनु पर्दछ भन्नेमा हामी चनाखो हुनै पर्दछ।

### हितापदेश १२:२६ ले मित्रहरू छान्ने बारेमा के भन्छ ?

हामी इसाईहरू मूर्खको संगतबाट जोगिएर रहनु पर्दछ (हितोपदेश १३:२०)

मूर्ख मानिसदेखि टाढै बस्नु पर्दछ (हितोपदेश १४:७)

हितोपदेश २२:२४ झडङ्ग रिसाउनेसित संगत गर्नु हुँदैन (जी. एफ. ए. बाइबल)

झट्टै रिसाउनेहरूसित संगत गर्नु हुँदैन (आइ.बी.एस. बाइबल)

रिसाउने मानिससित सितिमिति संगति गर्नु हुँदैन
-(ने.बा.सो. बाइबल)

"गरम मिजासको मानिसलाई मित्र नबना..."
-हितोपदेश २२:२४

"...विद्रोहीहरूसँग नमिल् (संगति नगर) ..."
-हितोपादेश २४:२१

"...खराब संगतले राम्रो चरित्रलाई नष्ट पार्दछ।"
-१ कोरिन्थी १५:३३

पाप गर्ने प्रत्येक पापको कमारो हो । नबचाइएकाहरूको कमारोपन र बचाइएकाहरूको कमारोपनमा भिन्नता छ भनेर धर्मशास्त्र बाइबलले दर्शाएको छ (हेरौं यूहन्ना ८:३४ र १ कोरिन्थी ७:२२)।

अइसाईहरूसितको हाम्रो सम्बन्ध अनुचित हिसाबले गहिरिएर जाँदा त्यसले विनाश निम्त्याउँछ। हामी चिप्लन्छौं, लड्छौं, पापमा फस्छौं । अइसाई साथीहरूको चित्त नदुखोस् भनेर बाइबलका सत्यहरूलाई बेवास्ता गर्छौं । अविश्वासी साथीहरूका सामु नम्र भई देखाउन नर्क, न्याय, इन्साफ, दण्ड जस्ता घटनाहरूको अवमूल्यन गरी पठाउँछौं । **परमेश्वरलाई केन्द्रमा राखेर पनि अइसाईहरूसित उत्तम मित्रता कायम राख्न सम्भव छ। येशू प्रभुको बलियो साक्षी भएर पनि अविश्वासीहरूसित गुणस्तरीय मित्रता कायम राख्न सकिन्छ तर यी सबैमा परमेश्वरको सुसमाचारको शक्ति हामीबाट प्रदर्शित भएको हुनु पर्दछ।**

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | |
|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा |
| आश्विन २७ गते<br>अक्टोबर १३ ता. | पाष्टर<br>सामुएल कार्थक | डीकन<br>मान बहादुर मगर | पाष्टर<br>अशोक मुखिया | श्री<br>शरण राई | पाष्टर<br>दफ्तन सादा | श्री<br>ध्रुव घिमिरे |
| कार्तिक ४ गते<br>अक्टोबर २० ता. | डीकन<br>अर्जुन ढकाल | पाष्टर<br>अशोक मुखिया | श्री<br>रमेश लामा | डीकन<br>जनक लाल श्रेष्ठ | एल्डर<br>श्रीलक्ष्मी सैंजु | श्री<br>दानिएल घले |
| कार्तिक ११ गते<br>अक्टोबर २७ ता. | पाष्टर<br>एल.पी.न्यौपाने | श्री<br>सिद्धि खालिङ | डीकन<br>सुरेश पुरकोटी | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>रूबेन श्रेष्ठ | श्री<br>शरण राई |
| कार्तिक १८ गते<br>नोभेम्बर ३ ता. | पाष्टर सामुएल कार्थक<br>पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा – ज्ञानेश्वर चर्च | | पाष्टर<br>दफ्तन सादा | पाष्टर<br>प्रेम श्रेष्ठ | पाष्टर<br>रोल्याण्ड रोंगोंग |

## जानकारी

श्रावण २७ गते/अगष्ट ११ ता. शनिबार नेइम पनौती मण्डलीमा ८ जना साथै भाद्र १७ गते/सेप्टेम्बर १ ता. शनिबार ४ जना विश्वासीहरूको समर्पण भयो ।

श्रावण २७ गते/अगष्ट ११ ता. शनिबार नेइम पनौती मण्डलीमा ४ जना साथै भाद्र १७ गते/सेप्टेम्बर १ ता. शनिबार १ जना बालबालिकाहरूको बाल अर्पण भयो ।

भाद्र २१ गते/सेप्टेम्बर ६ ता. बिहीबार नेइम गोंगबूँ मण्डलीको १३ विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

भाद्र २३ गते/सेप्टेम्बर ८ ता. शनिबार नेइम पनौती मण्डलीले १० औं वार्षिक उत्सव मनायो ।

आश्विन ७ गते/सेप्टेम्बर २३ ता. आइतबार नेइम ज्ञानेश्वर मण्डलीको २९ जना साथै आश्विन १४ गते/सेप्टेम्बर २९ ता. आइतबार १४ विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

आश्विन ६ गते/सेप्टेम्बर २२ ता. शनिबार नेइम ज्ञानेश्वर चर्चमा दाम्पत्य परामर्श तालिमको आयोजना गरियो । उक्त तालिममा ३३ जोडीको सहभागिता थियो ।

आश्विन १३ गते/सेप्टेम्बर २९ ता. शनिबार नेइम गोंगबूँ मण्डलीमा ३ जना बालबालिकाहरूको बाल अर्पण गरियो ।

आश्विन १३ गते/सेप्टेम्बर २९ ता. शनिबार नेइम रसुवा संगतिमा ६ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

---



गोदावरी बस्नुहुने नेपाली इसाई मण्डली ललितपुर चर्चको सदस्या चन्दा गुरूङ्ग भाद्र २० गते/सेप्टेम्बर ५ ता. बुधबार प्रभुमा सुत्नुभयो ।

| कार्यक्रम | बार | समय | स्थान | |
|---|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, १०:०० र १२:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान ८:०० बजे र ११:०० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,<br>जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल र साहुगाउँ | |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, नगरकोट, सिर्जनानगर (बिहान ७:३०, १०:०० र १२:३० बजे) | |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ | |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, सुन्दरीजल, चाँगु | |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा | |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी | |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, कपन | बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, गोंगबूँ, पनौती, सिर्जनानगर | |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी मनहरा पुल (पेप्सीकोला), तिलगंगा, नगदेश-ठिमी | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैसेपाटी | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ, ताहाचल | |
| | शुक्रबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, गोंगबूँ, कालीमाटी, कमलाक्षी, गाम्छा, सुन्दरीजल र ताहाचल | दिउँसो ३:०० बजे पनौती |

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | गोंगबूँ | रानीपौवा | साहुगाउँ |
| आश्विन २७ गते<br>अक्टोबर १३ ता. | पाष्टर<br>एल.पी.न्यौपाने | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान तामाङ्ग | पाष्टर<br>वर्णबास श्रेष्ठ | डीकनेस<br>अमृता कार्थक | डीकनेस्<br>आश माया तामाङ्ग |
| कार्तिक ४ गते<br>अक्टोबर २० ता. | पाष्टर<br>सामुएल कार्थक | संयुक्त सेवा-जोरपाटी चर्च | | एल्डर<br>जमान तामाङ्ग | श्री<br>जय सिंह | श्रीमती<br>रीना तामाङ्ग | श्री<br>कुमार सेन्चुरी |
| कार्तिक ११ गते<br>अक्टोबर २७ ता. | एल्डर<br>पासाङ्ग डेविड शेर्पा | श्री<br>अनुप लामा | एल्डर<br>जमान तामाङ्ग | एल्डर<br>दानिएल सापकोटा | पाष्टर<br>रोल्याण्ड रोंगोंग | श्री<br>कुमार सेन्चुरी | एल्डर<br>धन बहादुर तामाङ्ग |
| कार्तिक १८ गते<br>नोभेम्बर ३ ता. | पाष्टर<br>महेश थाँजु | एल्डर<br>दानिएल सापकोटा | श्री<br>कृष्ण श्रेष्ठ | एल्डर<br>जमान तामाङ्ग | पाष्टर<br>एल.पी.न्यौपाने | संयुक्त सेवा<br>गोंगबूँ चर्च | डीकनेस्<br>आश माया तामाङ्ग |

## नव दम्पत्ति परिवारलाई हार्दिक बधाई



भाद्र १७ गते/सेप्टेम्बर २ ता. आइतबार नेइम ललितपुर मण्डलीको सदस्या **सुश्री चाँदनी रजक** र धरान अनुग्रह मण्डलीको सदस्य **श्री सुजन शर्मा**को ललितपुर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सुजन/चाँदनी शर्मा** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



आश्विन १४ गते/सेप्टेम्बर ३० ता. आइतबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्यहरू **श्री सुसान्त सिंह** र **सुश्री पवित्र केसी**को ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सुशान्त/पवित्र सिंह** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### अक्टोबर महिनाको कार्यक्रम

कार्तिक १ गते/अक्टोबर १७ ता. बुधबार महिला उपवास प्रार्थना आ-आफ्नो मण्डलीमा

कार्तिक ७-८ गते/अक्टोबर २३-२४ ता. मंगलबार र बुधबारसम्म शरद सम्मेलन आ-आफ्नै मण्डलीमा

### मिशन सम्मेलन

कार्तिक २१-२४ गते/नोभेम्बर ६-९ ता. नेइम ज्ञानेश्वर मण्डलीमा हुने मिशन सम्मेलनमा वचनको सेवकाइ गर्नुहुने पाष्टर चार्ल्स स्मिथ, विभिन्न मण्डलीहरूबाट आउनुहुने पाष्टर तथा सेवक/सेविकाहरूको यात्रा सो सम्मेलनमा लाग्ने खर्च साथै मिशन विभागको लागि प्रार्थना गरिदिऔं ।

## प्रार्थनाका विषयहरू

१. आश्विन २८-३० गते/अक्टोबर १४-१६ ता. नेइम ज्ञानेश्वर मण्डलीमा हुने अगापे सम्मेलनमा वचनको सेवकाइ गर्नुहुने, विभिन्न मण्डलीहरूबाट आउनुहुने पाष्टर तथा सेवक/सेविकाहरूको यात्रा सो सम्मेलनमा लाग्ने खर्च साथै सबै तयारीको लागि प्रार्थना गरिदिऔं ।

२. चाडपर्वको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू र प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

३. असोज/कार्तिक (अक्टोबर/नोभेम्बर) महिनामा नेपालका विभिन्न मण्डलीहरूमा हुने सेवा संगति तथा शरद सम्मेलनको लागि प्रार्थना गरिदिऔं ।

४. नेपालका मण्डलीका विश्वासीहरूको लागि मृत्युपश्चात् दफन (मृत्यु संस्कार) गर्न नेपाल सरकारले आवश्यक जग्गा समयमा नै उपलब्ध गराइदिन सकून् ।

५. भर्माउने, प्रलोभन देखाउने, बहकाउने सबै (झूटा) शिक्षा र शिक्षकबाट मण्डलीका विश्वासीहरू सजग रहन पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।

६. मण्डलीअन्तर्गत भइरहेको सबै सेवा संगति, प्रार्थना सभा, बाइबल अध्ययन, पुरुष, महिला संगति, बाल संगति अनुगमन कक्षा साथै आराधना सेवामा आशिष मागौं ।

७. मण्डलीको विश्वासीहरूले परमेश्वरको प्रेम र ख्रीष्ट येशू प्रभुमा पाइने सित्तैंको मुक्तिको सुसन्देश ठीक प्रकारले प्रचार गर्न सकून् जसको फलस्वरुप ख्रीष्ट येशू प्रभुमा विश्वास गर्नेहरू मूल्य चुकाउनेहरू पनि हुन सकून् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | २१ 7<br>मण्डलीअन्तर्गतका संगतिहरूलाई अगुवाइ गरिराख्नुभएकाहरूले साँचो बोझ र समर्पणतामा बगालको हेरचाह गर्दै परमेश्वरमा डोऱ्याउन सकून् ।<br>यूहन्ना २१:१५-१७ | २८ 14<br>संसारका सबै मानिसहरूले येशू ख्रीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी जानेर विश्वास गर्न सकून् ।<br>यूहन्ना १४:६ | ५ 21<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई हुर्काउन, बढाउनलाई पवित्र आत्माको सहायता र अगुवाई मागिदिऔं ।<br>यशैया ४२:६-९ | १२ 28<br>सबै इसाईहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुँदै जानका सकून् ।<br>कलस्सी २:६-७ |
| **सोमबार**<br>**Monday** | २२ 8<br>प्रत्येक विश्वासीहरूको व्यक्तिगत, पारिवारिक र मण्डलीसँग मिलेर गरिने प्रार्थनाको मूल्य चुकाई अझ बढेर गएको होस् ।<br>रोमी १२:११-१३ | २९ 15<br>प्रत्येक विश्वासीहरू आफू रहेको ठाउँमा ख्रीष्टको साँचो साक्षीको जीवन जिउनेहरू हुन सकौं ।<br>१ पत्रुस २:९-१२ | ६ 22<br>देशका सबै मण्डलीहरूमा हुने शरद सम्मेलनको लागि प्रभुबाटको आशिष मागिदिऔं ।<br>१ कोरिन्थी २:४-५ | १३ 29<br>परिवारको जीवनमा आइपर्ने विभिन्न समस्याहरूमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ |
| **मंगलबार**<br>**Tuesday** | २३ 9<br>मण्डलीका पूर्णकालिन सेवक / सेविकाहरू मण्डलीलाई हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>१ तिमोथी १:१२ | ३० 16<br>मण्डलीका प्रत्येक परिवारले परमेश्वरलाई आफ्नो परिवारमा सधैं पहिलो स्थान दिन सकून् र पारिवारिक वेदी कहिल्यै ननिभेको होस् ।<br>भजनसंग्रह ८४:१- ५ | ७ 23<br>शरद सम्मेलनमा वचनको सेवकाइ गर्नुहुने र मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ५५:१-१३ | १४ 30<br>मण्डलीका सबै गुरुजनहरूको लागि साथै उहाँहरूको परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।<br>२ शमूएल ७:२५-२९ |
| **बुधबार**<br>**Wednesday** | २४ 10<br>हामी सबै परमेश्वरको वचनलाई प्रेम गर्नेहरू भई वचन पढ्ने, सुन्ने र आज्ञाकारी हुँदै जानेहरू हुन सकौं ।<br>भजनसंग्रह ११९:१०१-१०६ | **१ कार्तिक** 17<br>विभिन्न ठाउँमा जानुभएका मिशनेरीहरूको सेवकाइ, परिवार, शुरू भएको संगति झुण्डको लागि साथै उहाँहरूको सेवकाइद्वारा अझ धेरै प्रभुमा आउन सकून् ।<br>यूहन्ना १५:१६ | ८ 24<br>शरद सम्मेलनको समयमा सुनेको वचनमा सबैजना आज्ञाकारी भई परमेश्वरलाई महिमा दिन सकून् ।<br>भजनसंग्रह ११९:२-४ | १५ 31<br>आखिरी दिनमा संसारमा देखिएका धेरै निरास गर्ने कुराबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून् ।<br>मत्ती २४:१-१३,२२, ४२ |
| **बिहीबार**<br>**Thursday** | २५ 11<br>प्रभुबाट टाढा भएकाहरू साँचो पश्चात्तापी भई समयमा नै प्रभुमा फर्कन सकून् ।<br>यर्मिया ३१:१६-२०, मीका ७:१८-१९ | २ 18<br>मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन एकअर्का र मण्डलीको लागि आशिषमय बन्न सकून् ।<br>रोमी १६:१-५ | ९ 25<br>मण्डलीका जवानहरू ख्रीष्टको असल साक्षी भएर जिउन सकून् ।<br>रोमी १२:१-२ | १६ November 1<br>मण्डलीका सबै बाबु आमाहरू अझ परमेश्वरलाई प्रेम गर्दै परिवारलाई पनि प्रभुमा डोऱ्याउनेहरू हुँदै जान सकून् ।<br>यशैया ५५:६-१३ |
| **शुक्रबार**<br>**Friday** | २६ 12<br>परमेश्वर आफ्नो वचनबाट हामीसँग बोल्नुहुन्छ । यसैले हामीहरूले उहाँको वचनमा ध्यान दिनेहरू हुन सकौं ।<br>भजनसंग्रह ८५:८,यूहन्ना १०:२७ | ३ 19<br>मण्डलीलाई प्रशस्त आशिषमा डोऱ्याउनुहुने साथै आशिषको कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकौं ।<br>व्यवस्था ८:८-१८ | १० 26<br>आराधना सेवामा आउनेहरू आत्मा र सत्यतामा आराधना गर्न र वचन सुन्नका निम्ति हृदयको तयारीमा आउन सकून् ।<br>भजनसंग्रह १२२:१-४ | १७ 2<br>विश्वव्यापी मण्डलीहरूमा हुने आराधना सेवा साथै अरू सेवा संगतिहरूद्वारा मण्डली परमेश्वरको इच्छाअनुसार जिउन सकून् ।<br>यशैया ४०:२५-२६ |
| **शनिबार**<br>**Saturday** | २७ 13<br>स्कूल, क्याम्पस, उच्च शिक्षाको र विभिन्न तालिम लिइराख्नुभएकाहरूको पढाइ, साथै तालिममा परमेश्वरको आशिष मागिदिऔं ।<br>हितोपदेश ३:१-६ | ४ 20<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी-बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्र आएको होस् ।<br>भजनसंग्रह २२:५ | ११ 27<br>परिवारबीच साथै मण्डलीमा पनि साँचो एकता र प्रेम बढेर गएको होस् ।<br>यूहन्ना १७:२१-२६ | १८ 3<br>रीतिविधि र धर्मकर्ममा होइन तर परमेश्वरलाई साँचो आराधना र भक्ति चढाउनेहरू हुन सकून् ।<br>यूहन्ना ४:२४ |

**तेरो विरुद्धमा बनाइएको जुनसुकै हतियारले पनि तँलाई जित्न सक्नेछैन, र तँलाई दाषी ठहराउने हरेक जिब्रोलाई तैंले नै दाषी ठहराउनेछस् । योचाहिँ परमप्रभुका दासहरूको पैतृक-सम्पत्तिको हक हो, र मबाट तिनीहरूको दोषरहितको प्रमाण यही हो, परमप्रभु घोषणा गर्नुहुन्छ ।** **यशैया ५४:१७**